नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्थानीय प्रशासन/गुनासो/संघ-संस्था शाखा
ललितपुर

फोन: ०१-५४२११६५, ०१-५४५२८४
०१-५४५५४७५ (प्र.जि.अ
०१-५४३५१२९ (स.प्र.जि.अ
ईमेल: daolalitpur5@gmail.com
वेभसाइट: www.daolalitpur.moha.gov.n

पत्र संख्या :- ०८० /०८१
चलानी नम्बर :-
प्राप्त पत्र संख्या र मिति :-

"व्यावसायिक र सिर्जशील प्रशासन, विकास, समृद्धि र सुशासन"

मिति :२०८०।१२।०५
ने.स. : ११४४ चिल्लाथ्व, ९ सोमवार

## सरकारी वा सार्वजनिक जग्गा अतिक्रमण/दुरुपयोगको सूचना, प्रमाण वा विवरण उपलव्ध गराउने सम्बन्धी जरुरी सूचना

गृह मन्त्रालयको मिति २०८०।११।०९ को सरकारी, सार्वजनिक जग्गा अतिक्रमण/दुरुपयोग सम्बन्धी सूचना जारी गरेको सर्वविदितै छ। सो सन्दर्भमा ललितपुर जिल्लामा निजी हक दर्ता भोगचलनमा रहेका बाहेकको सार्वजनिक एवम् सरकारी स्वामित्वमा रहेको ऐलानी, सन्धीसर्पन, गौचरण, घाट आदी जग्गाहरु कानून विपरित कसैले आफ्नो नाममा दर्ता गरेको वा खास उद्देश्य वा प्रयोजनका लागि कुनै संस्थाको भोगचलन वा नियन्त्रणमा रहने गरी सुम्पेको वा जिम्मा दिएको सार्वजनिक र सरकारी जग्गाहरु बलजफ्ती अतिक्रमण वा कब्जा गरी निजी रुपमा दर्ता गरेको, दाखिला खारेज वा चलन चलाई हक हस्तान्तरण गरेको, लिजमा दिएको भए सोको उद्देश्य विपरित निजी रुपमा कायम गरी गराई दुरुपयोग गरेको पाइएमा सो सम्बन्धी सत्य तथ्य सूचना सहितको विवरण संकलन गरी गृह मन्त्रालयमा पठाउने प्रयोजनको लागि यस कार्यालयमा सोझै वा इमेल (Email-daolalitpur5@gmail.com) मार्फत उपलव्ध गराईदिन हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

२०८०।१२।५

कल्पना घिमिरे नेपाल
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी